# महाकाली नगरपालिका
**Mahakali Municipality**
# नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
**खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल**
Khalanga, Darchula, Sudurpashchim Province, Nepal


प.सं.०७९/०८० च.नं.

## सूचना ! सूचना ! सूचना !!

प्रथम पटक प्रकाशित मिति २०७९/११/१४ गते

उपरोक्त सम्बन्धमा महाकाली नगरपालिका कृषि विकास शाखाको वार्षिक ससर्त कार्यक्रम अनुसार रैथाने वाली प्रर्वदनको लागि वडा नं १,२,३ र ६ मा तपसिल अनुसारका कार्यक्रम संन्चालन गर्नु पर्ने भएकोले महाकाली नगरपालिकामा दर्ता भएका कृषक/कृषि सहकारी/ कृषक समूह/ कृषि फर्महरूले निम्न लिखित कागजात सहित मिति २०७९/११/२९ गते भित्र महाकाली नगरपालिका कृषि विकास शाखामा निवेदन पेस गर्न हुन जानकारी गरिन्छ।

<u>तपसिलः</u>

| क्र.श. | कार्यक्रम | सहुलियत % | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | बीउ वितरण ( कोदो, कागुनो, चिनो ,फापर, चुवा ) | ५०% | ❖ निवेदन<br>❖ सम्बन्धित कृषि सहकारी /कृषक समूह/कृषि फर्महरूको दर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>❖ स्थायी लेखा नम्बर (प्यान नम्बर)को प्रतिलिपि।<br>❖ सम्बन्धित वडा कार्यालयको सिफारिस।<br>❖ कृषि सहकारी कृषक समूहको निर्णयको प्रतिलिपि | न्यूनतम ३ देखि ५ रोपनीम खेती गरेको वा गर्नु पर्नेछ। |
| | साना सिचाई | व्यक्तिगतको हकमा ५०% समुह र सहकारीको हकमा ८५% | | |

बोधार्थः श्री सूचना प्रविधि शाखा : web site मा up load गरी दिन हुन।

.......................................
प्रमुख प्रशासकीय अधिकृत
नर बहादुर
नि.प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध महाकाली सुखी महाकाली वासी "

महाकाली नगरपालिका
Mahakali Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpashchim Province, Nepal

प.सं.०७९/०८० च.नं.

# सूचना !! सूचना !! सूचना !!

प्रथम पटक प्रकाशित मिति २०७९/११/१४ गते

नेपाल सरकारले जारी गरेको अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ को दफा (३) अनुसार स्थानीय तहमा मलको कारोबार गर्ने विक्रेताको सूचीकृत र दफा १५ (१) अनुसार मल वितरक कम्पनीमा बिर्केता नियुक्तिका लागि सिफारिस गर्नु पर्ने भएकोले इच्छुक सहकारी संस्था,फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७९/११/२९गते) मल विक्री डिपो राख्ने स्थान,मल बिक्री वितरण गर्ने वडा टोल समेत खुलाई महाकाली नगरपालिकामा तपसिलका कागजातहरू संलग्न राखी निवेदन दर्ता गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै म्याद नाघी आएका प्रमाण नपुगेका निवेदन माथि कुनै कारवाई नगरिने व्यहोरा अनुरोध छ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:

(१) निवेदन (रु१० को टिकट सहित)
(२) सहकारी संस्था फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र।
(३) सम्बन्धित वडा कार्यालयको सिफारिस।
(४) विगत २ वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
(५) स्थायी लेखा दर्ता प्रमाणपत्र।
(६) अनुभव कार्य दक्षता कार्य क्षमताको विवरण खुल्ने कागजातहरू।
(७) नाप तौल गर्ने मेशिन गोदाम घर सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण।
(८) सहकारी संस्थाको क्षेत्र खुल्ने प्रमाण।

थप जानकारीका लागि सम्पर्क मोबाईल नं :९८४८८३७४७३

..............................
प्रमुख प्रशासकीय अधिकृत
नर बहादुर ठगुन्ना
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ: श्री सूचना प्रविधि शाखा : web site मा up load गरी दिन हुन।

"समृद्ध महाकाली सुखी महाकाली वासी."